// नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३५) काठमाडौं, वैशाख १७ गते २०४२ साल (संख्या ३

# भाग ३

## श्री ५ को सरकार
## स्वास्थ्य मन्त्रालयको सूचना

श्री ५ को सरकारले नेपाल मेडिकल काउन्सिल ऐन, २०२० को दफा ४ ले दिएको अधिकार प्रयोग गरी मिति २०४१।१२।२६ को निर्णयानुसार २०४१।१२।१६ गतेदेखि लागू हुने गरी देहायका अध्यक्ष तथा सदस्यहरू भएको नेपाल मेडिकल काउन्सिलको पुनर्गठन गरेको छ ।

१. श्री ५ को सरकारबाट मनोनीत

(क) डा. अञ्जनीकुमार शर्मा — अध्यक्ष
(ख) डा. द्वारकानाथ रेग्मी — सदस्य
(ग) डा. दिव्यश्री मल्ल — सदस्य

२. नेपाल मेडिकल एशोसिएशनको अध्यक्ष

डा. सुदीपकुमार भट्टाचार्य — पदेन सदस्य

३. नेपाल मेडिकल एशोसिएशनबाट निर्वाचित

(क) डा. तेर्जासिंह मल्ल — सदस्य
(ख) डा. अशोकानन्द मिश्र — सदस्य
(ग) डा. हेमाङ्ग दीक्षित — सदस्य
(घ) डा. मदनमान मल्ल — सदस्य

आज्ञाले,
चन्द्रकला किरण
श्री ५ को सरकारको का.मु.सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

929

श्री ५ को सरकार

## वाणिज्य मन्त्रालयको सूचना

श्री ५ को सरकारले निकासी पैठारी नियन्त्रण ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी खण्ड ३१, अतिरिक्ताङ्क २५ (क) मिति २०३८।५।१९ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित वाणिज्य तथा आपूर्ति मन्त्रालयको सूचना अनुसार नेपाल अधिराज्यमा चिनी खाँडसारी इजाजतपत्र बेगर पैठारी गर्न नपाउने व्यवस्था गरेकोमा मिति २०४२।६।२९ सम्मका लागि नेपाल अधिराज्यमा चिनी खाँडसारी इजाजतपत्र बेगर पैठारी गर्न पाउने गरी यो आदेश जारी गरेको छ ।

आज्ञाले,
दामोदरप्रसाद गौतम
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## अर्थ मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ६ (१) र बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी लण्डनस्थित अन्तर्राष्ट्रिय हेड क्वाटर्सले लेप्रोसी मिसन आनन्दवन अस्पताल, काठमाडौंलाई उपहारस्वरूप प्रदान गरेको एम्बुलेन्स किसिमको च्यासीस नं. २२०४१३ इन्जन नं. १२ जे ०३६७२ को जगेडा पाँग्रा र सामानहरू समेत भएको स्टर्लिङ पाउण्ड ६,२६२।६६ मूल्य बराबरको डिजेल ल्याण्डरोभर एक (१) को आयातमा लाग्ने भन्सार महसूल तथा बिक्रीकर पूर्णरूपमा छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

### सूचना २

श्री ५ को सरकारले कृषि विकास बैङ्कले २०४१ सालमा जारी गरेको रू.४ करोडको "ऋण पत्र (डिबेञ्चर) २०४३" मा आर्जन गरेको ब्याजमा आयकर छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
932

# भाग ४

## सूचना ३

श्री ५ को सरकारले खण्ड ३४, मिति २०४१।४।८ संख्या १५ को नेपाल राजपत्र भाग ४ मा प्रकाशित यस मन्त्रालयको सूचनानुसार गठन भएको नुवाकोट जिल्लाको जग्गा दर्ता समितिको म्याद सकिएको मितिले २०४२ साल आषाढ मसान्तसम्मको लागि थप गरेको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

आज्ञाले,
कर्णध्वज अधिकारी
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## भूमिसुधार मन्त्रालयको सूचना

श्री ५ को सरकारले नेपाल अधिराज्यको स्टाण्डर्ड समय ८६°१५' पूर्वको मेरिडिन अनुसार ग्रीनविच मिन टाइम (जी.एम.टी.) बाट + ५ घण्टा ४५ मिनेटको अन्तर पर्ने गरी (अर्थात हालको समयभन्दा ५ मिनेट चलाख गरी) २०४२ साल वैशाख १ गतेदेखि अधिराज्यभर लागू हुने गरी नयाँ स्टाण्डर्ड समय निर्धारण गरेको हुँदा सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

आज्ञाले,
नारायणविक्रम शाह
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## सामान्य प्रशासन मन्त्रालयको सूचना १

श्री ५ को सरकारको मिति २०४१।१२।५ को निर्णयानुसार नेपाल प्रशासन सेवा, राजपत्राङ्कित तृतीय श्रेणी राष्ट्रिय योजना आयोगको सचिवालयका शाखा अधिकृत श्री पुरुषोत्तम सुब्बाले आफ्नो पदबाट दिनुभएको राजीनामा मिति २०४०।९।१७ देखि लागू हुने गरी स्वीकृत गरिएको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
१२२